राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस नोट

१५ चैत, २०७८

## स्व. दयाराम परियारको १६औं स्मृतिमा श्रद्धाञ्जली कार्यक्रम सम्पन्न

राष्ट्रिय मानव अधिकार आयोगका तत्कालीन जनकपुर सम्पर्क कार्यालयमा कार्यरत कर्मचारी स्व. दयाराम परियारको १६ औं स्मृतिको सन्दर्भमा आयोगले आज श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरेको छ ।

श्रद्धाञ्जली कार्यक्रममा स्व. दयाराम परियारका दाजु प्रकाशचन्द्र परियारले दयाराम परियारले मानव अधिकार संरक्षणका दौरानमा शाहदत प्राप्त गरेको भए पनि अझै पनि न्याय प्राप्त गर्न नसकेको र दयाराम परियारको हत्यामा संलग्नहरुलाई कारवाही नभएको भन्दै राष्ट्रिय मानव अधिकार आयोगले स्व.दयारामको शालिक निर्माण, हुलाक टिकट प्रकाशन र सहिद घोषणाका लागि पहल गर्नुपर्ने धारणा राख्नुभयो । साथै, उहाँले आयोगले दयारामका बारेमा वृत्तचित्र निर्माण, कर्मचारीलाई दयारामको नाममा पुरस्कार वितरण तथा दयाराम परियार स्मृति मानव अधिकार लेखनवृत्ति प्रदान गर्नुपर्ने सुझाव समेत दिनुभएको थियो । आयोगका कार्यवाहक अध्यक्ष डा. सूर्यप्रसाद शर्मा ढुङ्गेलले हुलाक टिकट प्रकाशनको लागि आयोगले तत्कालै पहल गर्ने, मानव अधिकार रक्षक लेखनवृत्तिका लागि यसै वर्ष बजेट विनियोजन गर्ने र न्याय प्राप्तिका लागि समेत आवश्यक पहल गर्ने बताउनुभयो ।

श्रद्धाञ्जली कार्यक्रममा आयोगका पदाधिकारी, कर्मचारी, दयाराम परियारका परिवार तथा उपस्थित सहभागीहरुद्वारा स्व. दयाराम परियारको तस्वीरमा माल्यार्पण गर्नुका साथै परियारको सम्झनामा एक मिनेट मौन धारण गरिएको थियो । कार्यक्रममा आयोगका सदस्यहरु मिहिर ठाकुर र मनोज दुवाडीको समेत उपस्थिति थियो । आयोगका निमित्त सचिव, सहसचिव र कर्मचारीहरुले समेत श्रद्धाञ्जली कार्यक्रममा मन्तव्य राख्नुभएको थियो ।

डा. टीकाराम पोखरेल
प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone:+977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email:nhrc@nhrcnepal.org, Website:www.nhrcnepal.org